# लोक सेवा आयोग

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको

## प्रतियोगितात्मक लिखित परीक्षा

२०७६/०४/१०

**पत्र : प्रथम**

**समय : ३ घण्टा** **पूर्णाङ्क : १००**

### विषय : बैंकिङ्ग, लेखा, वित्तीय विश्लेषण र आर्थिक नीति

प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

१. नेपालमा बैंकिङ्ग पहुँचको मौजुदा अवस्था र समस्याको विश्लेषण गर्नुहोस् । "सबै नेपाली जनताको बैंक खाता" राष्ट्रिय अभियानलाई साकार पार्न र सबै प्रकारका कारोबारलाई बैंकिङ्ग प्रणालीमा आवद्ध गर्न के कस्ता कानूनी, संरचनागत र प्रक्रियागत सुधार गर्नुपर्ला ? तथ्यगत एवं व्यावहारिक सुझाव प्रस्तुत गर्नुहोस् । Analyse the existing situation and problems of banking access in Nepal. To materialize the national movement of "Bank Account of All Nepalese People" and to associate all kinds of transactions in banking system, what legal, structural and procedural reforms should be made? Present factual and practical suggestions. 8 + 12 = 20

२. कम्पनी ऐन, २०६३ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा नेपालका बैंक तथा वित्तीय संस्थाहरूको संस्थागत सुशासन प्रवर्द्धन गर्न गरिएको कानूनी व्यवस्थाबारे विश्लेषणात्मक प्रस्तुति दिनुहोस् । Give an analytical presentation about the legal provisions made in Company Act, 2063 and Banks and Financial Institutions Act, 2073 for promoting corporate governance of banks and financial institutions of Nepal. 20

३. आयोजना सञ्चालनमा लागत-लाभ विश्लेषणको भूमिका उल्लेख गर्नुहोस् । यसले बैंक तथा वित्तीय संस्थाहरूको लगानी नीतिलाई कस्तो प्रभाव पार्दछ ? चर्चा गर्नुहोस् । Elaborate the role of Cost-Benefit Analysis in project operation. What effects does it make on the investment policy of banks and financial institutions? Discuss. 10 + 10 = 20

४. निम्न विषयमा लेख्नुहोस् । Write on the following subjects. 10 + 10 = 20

**(क)** आन्तरिक नियन्त्रण प्रणालीका अवयवहरू Components of Internal Control System

**(ख)** वित्तीय विवरण विश्लेषणका तरिका वा उपकरणहरू

Techniques or Tools of Financial Statement Analysis

५. मौद्रिक नीति र वित्त नीतिबीच फरक छुट्याउनुहोस् । नेपालको मौद्रिक नीतिको उपकरणहरूका प्रभावकारिता बारेमा चर्चा गर्नुहोस् । ८ + १२ = २०

Differentiate between Monetary and Fiscal Policy. Discuss about the effectiveness of instruments of Nepalese Monetary Policy. 8 + 12 = 20

□□□

लोक सेवा आयोग

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, प्रशासन, प्रशासन, छैठौं, सहायक प्रबन्धक पदको

प्रतियोगितात्मक लिखित परीक्षा

२०७६/०४/११

पत्र : द्वितिय

समय : ३ घण्टा  पूर्णाङ्क : १००

**विषय : अर्थ, मुद्रा, व्यवस्थापन, सूचना प्रविधि, रणनीतिक योजना तथा समस्याको पहिचान र समाधान**

| प्रत्येक प्रश्नको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। |
|---|

१. नेपालका लागि Regional Trade Arrangements का अवसर र चुनौतीहरूको बारेमा व्याख्या गर्नुहोस्। साथै, साफ्टा र बिम्स्टेकबाट नेपाललाई प्राप्त उपलब्धिहरूको विवेचना गर्नुहोस्। २०

Explain about the opportunities and challenges of regional trade arrangements for Nepal. Also, examine the achievements from SAFTA and BIMSTEC to Nepal. 20

२. संस्थागत सामाजिक उत्तरदायित्वको अवधारणा स्पष्ट पार्नुहोस्। नेपालका वाणिज्य बैंकहरूले यस्तो उत्तरदायित्व कसरी पूरा गर्न सक्छन् ? उदाहरणसहित वर्णन गर्नुहोस्।

Clarify the concept of Corporate Social Responsibility. How the Commercial Banks of Nepal can fulfill this responsibility? Describe with examples. 5 + 15 = 20

३. नेपाल राष्ट्र बैंकले जारी गरेको Information Technology Guidelines बमोजिम Business Continuity and Disaster Recovery Planning सम्बन्धी व्यवस्थाहरूबारे चर्चा गर्नुहोस्। Discuss about the provisions of Business Continuity and Disaster Recovery Planning as per the Information Technology Guidelines issued by Nepal Rastra Bank. 20

४. रणनीतिक योजनाका मुलभूत तत्त्वहरूको बारेमा संक्षिप्त चर्चा गर्नुहोस्। सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंकको बजारीकरण सम्बन्धी एउटा तीन वर्षीय रणनीतिक योजनाको खाका प्रस्तुत गर्नुहोस्। ८ + १२ = २०

Briefly discuss about the major elements of a strategic plan. Present a specimen of a three year strategic plan about marketing for government owned Rastriya Banijya Bank Limited. 8 + 12 = 20

५. नेपालको व्यापार घाटाको निरन्तर वृद्धि हुने प्रवृत्तिका कारण चालु खाता एवं भुक्तानी सन्तुलन समेत हालसालैका वर्षहरूमा उच्चस्तरमा ऋणात्मक हुन गएको छ। वाह्य क्षेत्रमा बढ्दै गएको यो असन्तुलनले समग्र वित्तीय स्थायित्वमा पनि चुनौती थपिएको छ। व्यापार उदारीकरणमा नेपालले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिवद्धताका कारण आयातमा प्रत्यक्ष नियन्त्रण गर्ने उपायहरू अवलम्बन गर्न कठीन छ। अर्कोतर्फ, आयातको कमीले सरकारको राजस्व संकलनमा कमी आउँदछ। फलस्वरूप, यसले मुलुकको उच्च आर्थिक वृद्धिको लागि आवश्यक पर्ने श्रोतसाधनको अपर्याप्तता हुन्छ। यस सन्दर्भमा मुख्य समस्याको पहिचान गर्नुहोस् र यसका कारणहरूको बारेमा विश्लेषण गर्नुहोस्। साथै, समस्याको समाधानका लागि उपयुक्त सुझावहरू प्रस्तुत गर्नुहोस्। २०

Due to the continuous increasing trend of trade deficit of Nepal, Current Account and Balance of Payments (BoP) have turned into highly negative in recent years. The increasing imbalance in external sector has posed challenges in aggregate financial stability as well. Due to the international level commitment made by Nepal in trade liberalization, it is difficult to adopt direct import control measures. On the other hand, reduction in import leads to reduction in government revenue collection. As a result, this leads to inadequacy of the resources needed for high economic growth of the country. In this contest, identify the main problems and analyze about its causes. In addition to it, present the suitable suggestions for resolving the problems. 20

❑❑❑